# मरिण गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कपिलाकोट, सिन्धुली

## ३ नं.प्रदेश, नेपाल

मिति : २०७५/०५/२९

### मरिण गाउँपालिका भवन निर्माणका लागि निःशुल्क जग्गा दिने वारेको सार्वजनिक सूचना

यस मरिण गाउँपालिका भवन निर्माणका लागि निःशुल्क जग्गा दिन इच्छुक तल उल्लेखित क्षेत्रका जग्गा धनिहरुले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले २५ दिन भित्र तल उल्लेखित कागजात सहित सिलबन्दी प्रस्ताव पेश गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जग्गा उपलब्ध गराउने क्षेत्र :**

मरिण गाउँपालिकाको वडा नं. ६ को पूर्वी सिमाना देखि वडा नं. ६ को नयाँ बस्ती क्षेत्रको मदन भण्डारी राजमार्गको दायाँ बायाँ ५०० मिटर भित्र ।

**आवश्यक कागजातहरु :**

१. रु १० को टिकट टाँसेको निवेदन

२. आ.व. ०७५/०७६ को मालपोत तिरेको रसिदको प्रतिलिपि

३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४. जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि

५. जग्गाको ट्रेस नक्सा, ब्लु प्रिन्ट नक्सा ( फाइल नक्सा)

**शर्तहरु**

(क) मदन भण्डारी राजमार्गसँग जोडिएको वा मुख्य सडकसँग जोडिएको वा दायाँ वायाँ ५०० मिटर भित्र न्यूनतम ६ मिटर सडकले छोएको हुनु पर्नेछ ।

(ख) ६ मिटरको सडकले नछोएको भएमा जग्गा धनिले ६ मिटरको बाटो समेत अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

(ग) दुई वा दुई भन्दा बढी जग्गा धनीले समेत मिलाएर दिन सकिनेछ ।

(घ) मुख्य सडकको ५०० मिटर भन्दा कम दुरीमा र १३ कठ्ठा भन्दा बढी जग्गा दिने जग्गा धनीको जग्गा प्राथमिकतामा राखिनेछ ।

(ङ) प्राप्त प्रस्तावहरुको छानविन गरी प्राविधिक रुपमा उपयुक्त हुने जग्गा मात्र गाउँपालिकाले प्राथमिकतामा राख्नेछ ।

(च) जग्गा धनिले दिन चाहेको जग्गा गाउँपालिकाले निर्णय गरे पछी तुरुन्त रजिष्ट्रेशन पास गरी दिनु पर्नेछ ।

(छ) बाटो बाहेक न्यूनतम १३ कठ्ठा हुनु पर्नेछ र बाटोको कित्ताकाट गरी बाटो रजिष्ट्रेशन पास गरेपछी मात्र जग्गा पास गरिनेछ ।

(ज) कार्यालय भवन कम्पाउण्ड बाहेक गाउँपालिका कार्यालय भवनसम्म जाने सडकको दायाँ वायाँ गाउँपालिकाबाट घेरावेरा गरिने छैन ।

(झ) निःशुल्क जग्गा दिने जग्गा दातालाई गाउँपालिकाले विशेष समारोह गरेर सम्मान गर्नेछ ।

(ञ) गाउँपालिका भवनको कम्पाउण्ड भित्र जग्गादाताको ताम्रापत्रले शिलालेख राखिनेछ ।

२०७५।५।२९

..............................

पानीराज बम्जन

पानीराज बम्जन

अध्यक्ष

अध्यक्ष

एवं

जग्गा खोजविन समितिका संयोजक

मरिण गाउँपालिका